ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 2 Year: 2024

# विद्यालय तहको शिक्षामा शान्तिशिक्षा

विष्णु **बहादुर** केसी PhD[1]

# Peace Education in the Schools Level Education

Bishnu Bahadur K C, PhD[1]

[1]Assistant Professor, Faculty of Education, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
[1]Corresponding Author: bkc81435@gmail.com
Article History: Received: March. 21, 2024 Revised: April. 7, 2024 Received: Jun 12, 2024

**लेखसार**

प्रस्तुत अनुसन्धान लेखको उद्देश्य विद्यालय तहको शिक्षामा शान्तिशिक्षाका पक्षहरुको खोजी गर्नु रहेको थियो । गुणात्मक ढाचामा अध्ययन गरिएको छ । आधारभुत तहको पाठ्यक्रमा, शिक्षाका राष्ट्रिय उद्देश्यहरु, आधारभुत तहका सक्षमताहरुमा शान्तिशिक्षाको अध्ययन गरिएको छ । शान्तिशिक्षा सम्बन्धि स्पष्ट राष्ट्रिय शिक्षाका उद्देश्य र तहगत उद्देश्यहरू रहेका छैनन् । शान्तिसंग सम्बन्धित पक्षहरू सामाजिक अध्ययन, नेपाली, विज्ञान, स्वास्थ्य र शारीरिक, सिर्जनात्मक र नैतिक शिक्षामा रहेका छन् । यी विषयहरूमा सामाजिकता, मानवीय मूल्य, आस्था, सेवाभाव, प्रजातात्रिक, लोकतन्त्र, सद्भाव, सहयोग , चरित्र, नैतिकता, एकता, मैत्री, सहिष्णुता, विश्ववन्धुत्व र मानवअधिकार मुख्य रूपमा रहेको छन् विद्यालय पाठ्यक्रम, राष्टिय शिक्षाका उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुहरु, र शिक्षण सहजीकरणमा शान्तिशिक्षाको स्पष्ट पक्षहरु राखिनु पर्दछ । शिक्षाका अन्य प्रकृतिमा अनौपचारिक शिक्षा, दूरशिक्षा, शिक्षक तालिम, विद्यालयमा हुने गोष्ठि र सेमिनार जस्ता कार्यक्रममा पनि शान्ति शिक्षामा व्यापक्ता ल्याउनु पर्दछ । विद्यालयमा, समाजमा र देशमा शान्तिमय बनाउन, शान्तिका चेतना जागृत गर्न, आर्दश र सभ्य समाज निमार्ण हरेक व्यक्तिका आन्तरिक शान्तिको विकास गर्नुपर्दछ । ध्यान र योग पक्षहरुलाई विद्यालय र समाजका विभिन्न पक्षहरुमा प्रयोगमा ल्याउनु पर्दछ । शान्तिका पक्षहरुलाई दैनिक, जीवनयापन र सामाजिक जीवनमा अभिन्न रुपमा लिनुपर्दछ । शान्तिका महत्वपूर्ण पक्षहरु पूर्विय दर्शनका वेदका र बौद्ध दर्शनका त्रिपिटक पक्षहरु विद्यालय शिक्षामा व्यवस्था गरेर प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

*शब्दकुञ्जी:* शान्तिशिक्षा, पाठ्यक्रम, योग, ध्यान, सिकाइ अनुभव, आर्दश, सभ्य र सभ्यता

**Abstract**

The aim of the presented research article was to investigate the aspects of peace education in school level education. The study has been conducted in a qualitative framework. Peace education has been studied in basic level curriculum, national objectives of education, basic level competencies. There are no clear national education objectives and level objectives related to peace education. Aspects related to peace are social studies, Nepali, science, health and physical, creative and moral education. These subjects include sociality, human values, faith, service, democracy, democracy, harmony, cooperation, character, morality, unity, friendship, tolerance, philanthropy and human rights, mainly in school curriculum, national education objectives, level objectives, themes, and teaching. Clear aspects of peace education should be kept in facilitation. In other forms of education, non-formal education, distance education, teacher training, school seminars and programs like peace education should also be made widespread. To make peace in the school, society and country, to inculcate the consciousness of peace, to build a civilized society, the inner peace of every person should be developed. Meditation and yoga aspects should be used in various aspects of school and society. Aspects of peace should be taken as an

integral part of daily life and social life. Important aspects of peace The Vedic aspects of Eastern philosophies and Tripitaka aspects of Buddhist philosophy should be organized and effectively implemented in school education.

*Keywords:* peace education, curriculum, yoga, meditation, learning experience, idealism, civilized and civilization,

## विषय प्रवेश

नेपालमा विभिन्न समयमा राजनैतिक परिवर्तनहरु भए । २००७ सालमा राजा शाासनको अन्य र प्रजातन्त्रको स्थापन भयो । प्रजातन्त्रिक राज्य व्यवस्था अनुकुल शिक्षा प्रदान गर्ने उद्देश्यले २००९ सालमा शिक्षाको वोर्डको स्थापन भई २०१० सालमा राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो । यस आयोगले २०११ सालमा देशको समग्र शिक्षाको निति कार्य योजना ल्यायो । संरचना देशको पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम र अनौपचारिक शिक्षा आदि सम्बन्ध योजनामा रहेका थिए । उल्लेखित योजनामा नेपालमा आवश्यकता एवं विश्व परिस्थितिसंग सम्बन्धित पक्षहरुसंग समेटेको पाइन्छ । तर राणा शासन १०४ वर्षको अन्य पछि नेपालमा शान्ति सम्बन्धी मुदाहरु समेटेर शान्तिका पक्षहरु सम्बोधन गर्ने पक्षहरु समेटेर शान्तिशिक्षाको विषय आउनु पर्थ्यो । आएन ।केही शान्तिसंग सम्बन्धी पक्षहरु सामाजिक विषयका पाठहरु र नेपाली विषयका पाठहरुमा आएका छन् । पूर्विय दर्शनका पक्षहरु वेदका र बौद्ध दर्शनका त्रिपिटक भएका पक्षहरु शान्तिका स्रोतहरु विद्यालय शिक्षामा प्राथमिकता राख्नु पर्थ्यो । विद्यालय शिक्षामा सबै विद्यार्थीहरुको लागि कोरका(core) रुपमा आएन । २०१७ सालमा एकदलिय पंचायति व्यवस्थाको स्थापन भयो । लगतै २०१८ सालमा सर्वङ्गिण राष्ट्रिय शिक्षा समितिको गठन भएको थियो । राजनैतिक परिवर्तन पछि शिक्षामा पनि परिवर्तनको योजन, निति पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम र परक्षाहरु केही - नयाँ पक्षहरु आए । तर शान्तिको छुटै विषय आउनु पर्थ्यो । आएन । शान्तिसंग सम्बन्धित सामाजिक विषयमा केही - पाठहरु राखेको पाइन्छ । राज्य व्यवस्था परिवर्तन भए पछि सवै भन्दा महत्वपूर्ण पक्ष शान्ति नै हो । शान्तिसंग सम्बन्धित भएर छुटै राखेर पाठ्यक्रमा नै व्यवस्था गरेर राख्नु पर्छ । तर शान्तिलाई प्राथमिकता दिएको पाइदैन ।

२०२८ सालमा शिक्षामा व्यापक सुधारका साथका राष्ट्रिय शिक्षा पद्धतिको योजना आयो । यस योजनाले राष्ट्रिय शिक्षामा उद्देश्यको निर्माण थियो । यो योजना नै पहिलो राष्ट्रिय शिक्षाको व्यवस्था गर्ने योजना थियो । शिक्षाको संरचना पाठ्यक्रम,पाठ्यपुस्तक, शिक्षक तालिम र मूल्याङ्कन साथै अनौपचारिक शिक्षाको व्यवस्था गरेको छ । यस योजनाले पनि शान्तिशिक्षाको अलगै विषय निर्माण गरेरन । शान्तिका केही पक्षहरु नैतिक र सामाजिक विषयमा राखेको पाइन्छ पूर्विय दर्शनका वेदका र त्रिपिटकका शान्तिसंग सम्बन्धित महान पक्षहरु समेट्नु पर्थ्यो तर समेटिएको पाइएनन् ।

२०४६ सालमा जनआन्दोलन भयो । यसले २०४७ सालमा बहुदलिय व्यवस्पानको स्थापना भयो । राज्य व्यवस्था परिवर्तन भयो । बहुदलिय व्यवस्था अनुकुल शिक्षाको व्यवस्थापन गर्न राष्ट्रिय शिक्षा आयोगको गठ्न गरियो । यस आयोगले राष्ट्रिय शिक्षाका उद्देश्य निर्माण गरियो । शिक्षाको संरचनमा परिवर्तन गयो । पाठ्यक्रम र पाठ्यपुस्तकमा पनि परिवर्तन भयो । शिक्षक तालिम र मूल्याङ्कन प्रक्रियामा यस नविनतम प्रक्रिया ल्यायो ।अनौपचारिक शिक्षामा पनि नयाँ निति र कार्याक्रम ल्यायो । यस आयोगमा पनि शान्ति शिक्षाको छुटै विषयको रुपमा अएन । नेपाली समजमा स्थापित वेदान्तका पक्षहरु विशेष गरी वेदमा रहेका शान्ति पक्षहरु विद्यालय शिक्षामा आउनु पर्थ्यो । तर आएनन् । बौद्ध दर्शनका त्रिपिटकका धम्म पदका( धम्म पद ५,६) छ ,छन् विभिन्न जातक कथाहरु आउनु पर्थ्यो । तर आएनन् ।

२०६३ मा नेपालमा पुन: जन आन्दोलन भयो । राज्य व्यवस्था संघीय लोकतान्त्रिक व्यवस्था को लागु भयो । नयाँ संविधान २०७२ मा घोषणा भयो । २०६३ मा विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप बन्यो । त्यसमा पनि शान्तिशिक्षाको आलग्गै विषयको रुपमा आएन २०७६ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप बनयो । यसमा शिक्षाको राष्ट्रिय उद्देश्य पाठ्यक्रम पाठ्यपुस्तक र मूल्याङ्कन सम्बन्धि पक्षहरु व्यवस्था गरेको छ । यस प्रारुपमा पनि शान्ति शिक्षाको लागि छुटै विषय बनेन् ।

**अध्ययनको उद्देश्य**

विद्यालय शिक्षामा शान्तिशिक्षाका पक्षहरुको खोजी गर्नु ।

**वेदान्त र बौद्ध दर्शनसग सम्वन्धित शान्तिशिक्षाका पक्षहरु**

प्रस्तुत लेखमा गूणात्मक ढाचामा आधारित तथ्याङ्क संकलन गरिएको छ । पुस्तकालय अध्ययन विधिको प्रयोग गरिएको थियो ।आधारभुत तह र माध्यामिक तहको पाठ्यक्रमको र पाठयपूस्तकको अध्ययन गरिएको छ । पुर्विय दर्शन अन्तरगत ऋग्वेद,यर्जूवेद ,सामवेद र अथर्ववेद अध्ययन गरिएको छ। बौद्धदर्शन र पश्चिमी दर्शनको शान्ति सम्वन्धित सिद्धान्तको अध्ययन गरिएको छ ।

नेपाल विश्वमै शान्तिभूमी हो । गौतम बुद्धको जन्मको देश हो । यहाँ शान्तिका दर्शनहरु शिक्षाहरु, मूल्यहरु र मान्यताहरु आफै छुटै विशेषताका छन् । जुन विश्वमा कयौ देशले आफ्नो विद्यालय शिक्षाका पाठ्यक्रममा उल्लेख गरी कार्यान्वयन गरिरखेका छन् । बत्तिमुनीको अध्यारो जस्तो भई हामीले शान्तिशिक्षाको अभाव भोगिरखेका छौ । प्रत्येक व्यक्तिलाई शान्ति चाहिन्छ । आन्तरिक शान्ति चाहिन्छ । प्रत्येक व्यक्तिमा अन्तरिक शान्ति भएमा परिवार ,समाज र देशमा शान्ति हुन्छ , जसको सन्देश विश्वमा फैलिन्छ र विश्व शान्ति बनाउन महत्वपूर्ण हुन्छ । यसर्थ शान्तिको शुरुवात विद्यालयमा कक्षा १ देखि नै गर्नु पर्दछ । ऋग्वेदमा शान्तिसंग सम्वन्धित निम्न श्लोक रहेका छ ।

श्रिय मनासि देवासो अक्रन् ।(४४।८ऋग्वेद )

ज्ञानी आपःनो चित्त प्रसन्न राख्न सधै सुकर्म गर्दछन्र । कुकर्मले गर्दा बुद्दि भक्ष्ट भएर मनुक्ष्यको अवनति हुन्छ । सुकर्म नै सुख र आनन्दको बाटो हो । सुकर्म गर्दा सबै कार्य सफल हुन्छन्र । सुकर्मले बुद्धिको विकास मनमा उल्लास समाजमा विश्वास र जिवनमा सफल्ता दिलाउदछ भनेर व्याख्या गरिएको छ । शान्ति सम्बन्धीयजुवेदमा निम्न श्लोक रहेको छ ।

इदा कूतात्समसूस्राद्धहो वा मन सो वा सम्भृत चक्षुषो वा (१८ । ५८ यर्जुवेद)

ज्ञान -कर्मेन्द्रिय, ज्ञानेन्द्रिय, मन हृदय आदि )राम्रोसंग प्रात्त गर्नुपर्छ । ज्ञानको स्रोत हामी भित्रै छ । हामीले स्वाध्याय, आत्म चिन्तन मनन्र व्यवहारद्धारा राम्ररी प्राप्त गर्न सक्नुपर्दछ ।आफुमा निहित शक्तिलाइ जगाएर प्रेरणा लिएर ज्ञान प्राप्त गर्न प्रयत्नरत रहनुपर्दछ भनेर व्याख्या गरिएको छ । साम वेदमाशान्तिसंग सम्वन्धित निम्न श्लोक रहेको छ ।

ब्रहमोद्धिष ंअवजाही (सामवेद १९४)

वैरभाव राख्नेलाइ आफनो ज्ञानद्धारा नाश गर । ज्ञान प्रकाशको प्रतिक हो। । द्वेष अज्ञान हो ।मनमा द्वेषभाव बढेपछि मानिसले राम्रो नराम्रो सोच्न सक्देन जसको कारण हुने काम गर्दछ । तसर्थ ज्ञान रुपी प्रकाशद्धारा अज्ञावादि अन्धकार नाश गरेर आफुलाइ कर्ममा लगाउनु परोपकारी कार्यैमा कार्यमा मानवको प्रथम दायित्व हो भनेर व्यााख्या गरिएको छ । उललेखित पक्ष शान्तिसंग सम्बन्धित छ ।अथर्व वेदमा ाशानि सम्बन्धित निम्न श्लोक रहेको छ ।

ीपितेव पुत्रानभि सं स्वजस्वनं (३।१२अथर्व वेद )

जसरी पिता र पुत्रपरस्पर प्रेमपुर्वक व्यवहार गर्छन त्यसरी नै सबैस.ग व्यवहार गर ,परसपर प्ेमपूर्वक व्यवहार गरौ ।परस्परको पिति सद्व्यवहारद्धारा सङ्गठित गर्न सकिन्छ भनेर व्याख्या गरिएको ।

शान्तिसंग सम्बन्धित दर्शन, शिक्षा, मूल्य र मान्यतालाई समेटेर शान्तिशिक्षा नै विषय अलग्गै राखे र पूर्विय दर्शनमा महत्वपूर्व पक्षहरु राख्नु पर्दछ । ऋगवेद, सामवेद, अथर्व वेद र यर्जुवेदका महत्वपूर्ण पक्षहरु विद्यालय शिक्षामा राखिनु पर्दछ । जसमा आन्तारिक शान्ति पक्ष गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

**धम्मपदमा शान्तिशिक्षासंग सम्बन्धित पक्षहरु निम्न छन ।**

३७९ अत्तना चोदयंत्तानं-पटिमासे अत्तम'त्तना ।

सो अत्तगुत्तो सतिमा-सुखं भिक्खुंविहाहिसि ॥२०॥
आफूलाई आफैले प्रेरणा दिने, आफूलाई आफैले परीक्षा गर्ने
आत्मसंयमी र स्मृतिवान भिक्षु सुखपूर्वक बाँच्दछ ॥२०॥

प्रस्तुत श्लोकमा आत्मसंयमी र स्मृतिवान बन्न आफूलाई आफैले प्रेरणा दिने आफ्नो परीक्षा गर्ने कुरा उल्लेख गरिएको छ । यी पक्षहरु आन्तरिक शान्तिसंग सम्बन्धित रहेका छन् । आन्तरिक शान्तिको लागि आत्मसंयम रस्मृति महत्वपूर्ण हुन्छ भनेर उल्लेख गरिएको छ ।

१९७ सुसुखं वत जीवाम-वेरिनेसु अवेरिनो ।
वेरिनेसु मनुस्सेसु-विहराम अवेरिनो ॥१॥
अहो, वैरीहरुको बीचमा म शत्रुभाव नराखेर सुखपूर्वक बसेको छु,
घृणित मानिसहरुको बीचमा म घृणाको भाव नराखेर बसेको छु ॥१॥

प्रस्तुत श्लोकमा शत्रुता भाव घृणा भाव नराखेर बस्दा सुख शान्ति हुन्छ भनेर उल्लेख गरिएको छ जुन शान्तिसंग सम्बन्धित रहेको छ । शत्रुभाव र घृणा नराख्दा सबैमा आनन्द शान्ति हुन्छ भनेर व्याख्या गएिको छ।

२०२ नत्थि रागसमो अग्गि-नत्थि दोससमो कली ।
नत्थि खन्धसमा दुक्खा-नत्थि सन्ति पर सुखं ॥६॥
राग जस्तो आगो अर्को छैन, द्वेष जस्तो अपराध अरु छैन,
पञ्च स्कन्ध समान दु:ख अरु छैन, शान्ति जस्तो सुख अर्को छैन ॥६॥

प्रस्तुत श्लोकमा राग, द्वेष अपराध हुन्, पञ्चस्कन्ध दु:ख हो, शान्ति नै सुख हो भनिएको छ । यी पक्ष आन्तरिक एवम् वाहृय शान्ति संग सम्बन्धित छन् । दु:ख र सुखको बारेमा व्याख्या गरिएको छ ।

१८५ अनूपवातो अनूपघातो -पातिमोक्खे च संवरो ।
मत्तञ्ञुता'च भत्तस्मिं-पन्थञ्च सयनांसनं ।
अधिचित्ते व आयोगो एतं बुद्धानंसासनं ॥७॥
कसैलाई निन्दा वा हिंसा पीडा नगर्नु, प्राति मोक्षका शीलहरु पालना गर्नु,
आहारमा मात्राको ज्ञान राख्नु एकान्तबास गर्नु र चित्त शुद्धिको निम्ति योग गर्नु यही बुद्धहरुको शिक्षा हो ॥७॥

प्रस्तुत श्लोकमा निन्दा नगर्नु, हिंसा नगर्नु, शीलहरु पालना गर्नु, आहारमा मात्राको ज्ञान हुनु, योग गर्नु र चित्त शुद्धी गर्नुलाई बुद्धहरुको शिक्षाको रुपमा लिइएको छ । यी पक्षहरु आन्तरिक एवम् वाहृय शान्तिसंग सम्बन्धित छन् ।

४२ दिसो दिसं यं तं कयिरा-वेरी वा पन वेरिनं. ।
मिच्छा पाणिहितं चित्तं-पापियो नं ततो करे ॥१०॥
शत्रुले शत्रुलाई जति हानि पुऱ्याउँन सक्छ, त्यो भन्दा बढी हानि
कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ॥१०॥

प्रस्तुत श्लोकमा सुमार्गमा लाग्नु, कुमार्ग त्याग्नु जस्ता पक्ष आन्तरिक शान्तिसंग सम्बन्धित रहेका छन् । सुमार्गले सकारात्मकताको विकास गराउद छ । सत्य मार्गमा लाग्नु र कुमार्गमा नलाग्नुले सबैको भलो हुन्छ सबैमा शान्ति हुन्छ भनेर उख्लेख गरिएको छ ।

४३ न तं माता पिता कयिरा-अञ्ञे वा पि च ञातका ।
सम्मा पणिहितं चित्त-सेथ्यसो नं ततो करे ॥१०॥
सुमार्गमा लागेको चित्तले आफुलाई जति उपकार गर्दछ,
त्यति उपकार बाबु, आमा र कुटुम्बले समेत गर्न सक्दैनन् ॥११॥

प्रस्तुत श्लोकमा चित्तलाई सुमार्गमा लगाउनु आन्तरिक शान्तिसंग सम्बन्धित रहेको छ। आफैमा आनन्द खोज्न, शान्ति खोज्न र सत्य बाटो खोज्न सकारात्मक सोच हुनु पर्ने कुरामा जोड दिइएको छ। यी पक्षहरु शान्तिशिक्षासंग सम्वन्धित छन।

Sharma ( 2020) अनुसार हिंसाको कारण, हिंसालाई रोक्ने र शान्ति अनुभुति गर्ने तरिकाहरु बारे बौद्ध दृष्टिकोणले जाँच गर्दछ। यसले शान्ति स्थापन गर्ने प्रयास र शान्तिको संस्कृतिको प्रबद्धनमा बौद्ध योगदानको सम्भावनाको अन्वेषण गर्दछ। हिंसाको जरा दिमाग भित्र रहेको विकास गर्दै बुद्ध धर्मले भित्रि चिन्तनमा बढी जोड दिएको छ। शान्तिको लागि आन्तरिक शान्ति महत्वपूर्ण हुन्छ भनेर व्याख्या गरिएको छ।

पशिक्षेमेली शिक्षाशास्त्रीको शान्ति शिक्षाको दर्शन Hajir (2020) को अनुसार विद्यालयमा विद्यार्थीहरुमा अभिवृति र सहयोगमा जोड दिनुपर्दछ। शान्तिशिक्षा, पाँच सिद्धान्त आवश्यक रहेको छन् भनेर व्याख्या गरिएको छ।

१) विद्यालय संस्कृति शान्तिप्रीय र स्वस्थरुपमा प्रवर्द्धन गर्नुपर्दछ।

२) विद्यालय भीत्र हिसां संस्कृति सम्बोधन गर्नुपर्दछ।

३) कक्षाकोठामा शान्तिशिक्षा प्रदानमा जोड दिनु पर्दछ।

४) विद्यालयमा शान्तिशिक्षा, व्यक्तिगत सामाजिक राजनैतिक सम्बन्धित बनाउन पर्छ।

५) विद्यालय समुदाय, अनौपचारिक संस्था र नागरिक समाजसँग सम्बन्धित बनाउनु पर्दछ।

६) विद्यालयमा नितिगतरुपमा बैधानिक रुपमा विद्यालयमा व्यवस्था गर्नुपर्दछ।

Glogowski (2010) को अनुसार जोन डिवेका अनुसार मानवतावादी शिक्षाको लागि प्रजातन्त्र र शान्तिमा जोड दिनुपर्दछ। प्रत्येक व्यक्तिमा सकारात्मक सोंच र समाजमा सकारात्मकता विकास गर्न प्रजातान्त्रिक शिक्षामा जोड दिनु पर्दछ। सिकाइको लागि सकारात्मक वातावरण सिर्जना गर्ने वास्तविक समस्याहरू पत्ता लगाई त्यसको समाधान गर्ने र शान्तिशिक्षामा डिवेले जोड दिएका छन्। शिक्षकले विद्यार्थीको रुची अनुभवलाई विचार गरी सान्दर्भिक क्रियाकलापहरूको सिर्जना गर्नुपर्दछ। सिकारु, विद्यालय र समाजका हरेक क्रियाकलापहरूमा प्रजातान्त्रिक मूल्यको विकास गर्नुपर्दछ। बहुसांस्कृतिक संस्कृतिको विकास गर्ने शिक्षा हुनुपर्दछ। विद्यार्थीहरूको सिकाइ समस्या समाधानका लागि शान्तिपूर्ण परिवर्तन प्रवर्द्धन गर्ने र विशेषगरी सिर्जना गर्ने हुनुपर्दछ। शान्तिशिक्षाको लागि जोन डिवेको शैक्षिक दर्शन महत्वपूर्ण रहेको छ।

मारिया मन्टेश्वरी अनुसार शान्ति विकास गर्ने वातावरण र योजनामा जोड दिनुपर्दछ। मारिया मन्टेश्वरीले मन्टेश्वरी स्कूल र मन्टेश्वरी कक्षाकोठामा जोड दिएकी छिन्। विभिन्न उमेर समूहका बालबालिकालाई सिकारु केन्द्रित विधिद्वारा शिक्षण गर्नुपर्दछ। हरेक बालकको रूची र क्षमता अनुसार शिक्षा दिनुपर्दछ, बालकको व्यक्तिगत, सामाजिक, आध्यात्मिक क्षमता विकास गराउन शिक्षामा जोड दिनुपर्दछ। मानवतावादी, न्याय र शान्तिपूर्ण अस्तित्व सकारात्मक मूल्यलाई शिक्षामा जोड दिनुपर्दछ। मन्टेश्वरीको शिक्षामा मुख्य योगदान शान्तिशिक्षामा सिकारु केन्द्रित शिक्षण विधि र विश्व नागरिक विकास गर्ने रहेको छ।संगित र खेल विधिबाट शिक्षण गर्दा खुशी हुने आनन्द हुनेहुदां यसले शान्तिशिक्षा विकास गर्न महत्वपुर्ण भुमिका खेल्दछ।

Harris (2002) को अनुसार शान्तिशिक्षाको सिद्धान्त विसौं शताब्दीमा सामाजिक सम्बन्धी वातावरण विनास, जातिय हिंसा, लिङ्ग विभेद र घरेलु हिंसा आदि बढीरहेकाले पूर्ववाल्यावस्था बालबालिकाको हेरचाहको लागि वयस्कहरूलाई पेशागत सीप प्रदान गर्न नागरिकहरूलाई आइरहेको खतरा र शान्तिको लागि सल्लाह प्रदान गर्न शान्तिशिक्षा आवश्यक भएको पक्ष उल्लेख गरिएको छ। शान्ति शिक्षासँग पांच मान्यता निम्न उल्लेख गरिएको छ।

१) यसले हिंसाको व्याख्या गर्छ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 2 Year: 2024

२. हिंसाको वैकल्पिकबारे शिक्षण गर्दा हिंसाको विभिन्न समायोजन गर्छ।

३. हिंसाको विभिन्न संयोजन गर्छ

४. विभिन्न सन्दर्भमा शान्ति प्रक्रिया प्रदान गर्छ।

५. हिंसा वर्तमान अवस्थामा सबैतिर छ।

शान्तिशिक्षाको सिद्धान्तको आधारहरू धर्म, परम्पराको प्रेम, सहानुभूति, परोपकार, अन्तर वैयक्तिक र वातावरण हिंसा रहेका छन्। शान्तिशिक्षाको सिद्धान्तले एक्काइसौं शाताब्दीमा निम्न क्षेत्रमा जोड दिइएको छ।

१) मानवअधिकार शिक्षा

२. वातावरणीय शिक्षा

३. अन्तराष्ट्रिय शिक्षा

४) द्वन्द्व समाधान शिक्षा

५. विकास शिक्षा

शान्तिशिक्षालाई वर्तमान शताब्दीमा मानवअधिकार, वातावरण, अन्तराष्ट्रिय द्वन्द्व समाधान र विकासका क्षेत्रमा व्यापक विकास गरी व्यक्ति, समाज र विश्वमा शान्ति विकास गर्न सकिन्छ। शान्तिलाई आन्तरिक आफू र अर्काका बारेमा सोचाइसँग सम्बन्धित रहेको छ। वाह्य शान्ति अन्तर्गत प्राकृतिक वातावरण, संस्कृति, अन्तर्राष्ट्रिय सम्बन्ध, नागरिक समुदाय परिवार र व्यक्तिगत सँग सम्बन्धित हुन्छ भनी व्याख्या गरिएको छ। सकारात्मक शान्ति र नकारात्मक शान्ति हुन्छ। सकारात्मक शान्ति अन्तर्गत न्याय, मानवअधिकार र दिगो विकास आदिको विकास हुन्छ। सकारात्मक कक्षाकोठा, शिक्षण वातावरण र शान्ति सिद्धान्तहरूको विकास गरेमा हिंसालाई रोक्न सकिन्छ भन्ने विश्लेषण गरिएको छ।

**विद्यालय पाठ्यक्रममा शान्ति सम्बन्धी पक्षहरूको व्यवस्था**

पाठ्यक्रमिक दस्तावेजको अध्ययन गर्दा नेपालमा शिक्षाको विकास प्राचीन समयदेखि भए तापनि व्यवस्थित रुपमा २००७ सालको परिवर्तनपछि मात्र भएको पाइन्छ। नेपाल राष्ट्रिय शिक्षा योजना २०११ ले कक्षा १ देखि ५ प्राथमिक शिक्षा र कक्षा ६ देखि १० माध्यमिक शिक्षा व्यवस्था गरेको थियो। सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले शिक्षामा संरचनामा निरन्तरता दिँदै उद्देश्यहरू परिवर्तन गरेको पाइन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन पछि शिक्षाको संरचनामा कक्षा १ देखि ३ प्राथमिक विद्यालय कक्षा ४ देखि ७ सम्म निम्न माध्यमिक विद्यालय कक्षा ८देखि १० सम्म माध्यामिक विद्यालयको विद्यालयको संरचना रहेको थियो। विभिन्न आयोगमा शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्न अनुसार राखिएका छन्।

**तालिका १**

*राष्ट्रिय शिक्षाका उद्देश्यहरूसँग सम्बन्धित शान्तिशिक्षाका पक्षहरू*

| राष्ट्रिय शिक्षा पद्दतिको योजना (२०२८) | राष्ट्रिय शिक्षा आयोग (२०४९) | उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति (२०५५) | राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०७५) |
|---|---|---|---|---|
| एकता, नैतिक चरित्र, असल भावाना, विचारको कदर | सामाजिकरण र सहयोग | नैतिक चरित्र,सदगुण, सदभाव, वातावरण संरक्षण, मानव अधिकार | चरित्रवान,समानता,आचरण,नैतिकता, मैत्री, सहिष्णुता विश्ववन्धुत्व, द्वन्द्व व्यवस्थापन, मानवअधिकार, लोकतन्त्र, सम्मान | सामाजिक,आचरण,नागरिक अधिकार, असल चरित्र, स्वःअनुशासन, सहानुभुती, सेवाभाव, विश्ववन्धुत्व |

**स्रोत ः नेपालका शिक्षा आयोगका प्रतिवेदन २०७५**

राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ देखि राष्ट्रिय उद्देश्य स्पष्ट रुपमा राखिएको थियो । यस योजनँमा राष्ट्रिय उद्देश्य चारवटा राखिएको थियो । (परिशिष्ट १) यी उद्देश्यहरूमा शान्तिशिक्षा सम्बन्धी स्पष्ट उद्देश्य राखिएको छैन । शान्तिशिक्षासँग सम्बन्धित वस्तुहरू रहेका छन् । उल्लेखित उद्देश्य विश्लेषण गर्दा व्यक्तिमा नैतिक चरित्र, परिश्रम गर्ने, स्वावलम्बी, सिर्जनात्मक, वैज्ञानिक चिन्तन मनन गर्ने, अरुको भावनाको कदर गर्ने बानी साहित्य, कला र विषयवस्तुहरूको विकास गराउने रहेका छन् ।

राष्ट्रिय शिक्षा आयोग (२०४९) मा राष्ट्रिय शिक्षाका उद्देश्यहरू सात वटा राखिएको छ ।(परिशिष्ट २) उल्लेखित उद्देश्यहरूको शान्तिशिक्षासँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा व्यक्ति विकास, सार्वभौम मानवीय मूल्य, सामाजिक न्याय र स्वस्थ सामाजिक जीवन, सामाजिकरण, सामाजिक, एकता, जीवनयापन, वातावरण, प्राकृतिक सम्पदा, संरक्षण, सदुपयोग र पछि परेकालाई मूल धारमा ल्याउने आदि पक्षहरू शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति (२०५५) ले राखेको शिक्षाका उद्देश्य दशवटा रहेका छन् ।(परिशिष्ट ३) उल्लेखित शिक्षाका राष्ट्रिय उद्देश्यहरूलाई शान्तिशिक्षासँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा जीवन उपयोगी सीप, राष्ट्रिय ऐक्यवद्धता, बहुभाषिक व्यक्तित्व, मानवीय मूल्य, मान्यता, नैतिक चरित्र, श्रमप्रति आस्था, सेवाभाव, सिर्जनात्मक सचेतना, सद्भाव, सहअस्तित्व, प्रजातान्त्रिक, न्यायपूर्ण, शोषणरहित, जीवन दृष्टि, संरक्षण, सम्बर्द्धन, प्राकृतिक वातावरण, श्रमप्रति निष्ठा र मानवअधिकार शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् । शान्तिपूर्ण व्यक्ति, समाज र देशमा नागरिक बनाउनमा यी पक्षहरू सम्बन्धित रहेका छन् ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) मा शिक्षाका राष्ट्रिय उद्देश्य एघार वटा राखिएका छन् ।(परिशिष्ट ४) उल्लेखित उद्देश्यहरूलाई शान्तिशिक्षासँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा प्रतिमा, व्यक्तित्वको विकास, सार्वभौम मानवीय मूल्यको विकास, सामाजिक मान्यता, आस्थाको संरक्षण, जीवन पद्दति, चरित्रवान, नैतिकवान, सामाजिकरण, सामाजिक एकता, प्राकृतिक वातावरण, राष्ट्रिय सम्पदाको संरक्षण, समानता, न्याय, समावेशी, मैत्री सद्भाव, सहिष्णुता, विश्वबन्धुत्व भावना, द्वन्द्व व्यवस्थापन, लोकतन्त्र, मानवअधिकार, सम्मान, समालोचनात्मक, रचनात्मक,

स्वाभिमानी, कला, सौन्दर्य र आदर्श रहेका छन् । यी महत्वपूर्ण पक्षको विकास गरी असल आदर्श नागरिक तयार गर्ने उद्देश्य रहेका छन् । यी उद्देश्यमा राखिएका विषयवस्तुले व्यक्तिमा समाजमा र राष्ट्रमा नै विकास गर्न महत्वपूर्ण रहेका छन् ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ मा ९ वटा राष्ट्रिय शिक्षाका उद्देश्यहरू राखिएका छन् । (परिशिष्ट ४८) यी उद्देश्यहरूमा आत्मिक, सामाजिक, संवेगात्मक, निष्ठा, सहिष्णुता, एकता, समानता, समावेशीकरण, सामाजिक न्याय, आचरण, लोकतान्त्रिक, नागरिक कर्तव्य, स्वः अनुशासन, निष्पक्षता, सकारात्मक, सदाचारिता, आत्मसंयम, धैर्यता, सेवाभाव, उत्तरदायित्व, विश्वबन्धुत्व, सम्मान, र श्रद्धा पक्षहरू शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् । उल्लेखित शिक्षाका उद्देश्यमा शान्तिशिक्षाका पक्षहरू रहेका छन् ।प्रस्तुत शान्तिशिक्षाका पक्षहरु स्वःअनुशासन, सेवाभाव, श्रद्धा र सदाचारिता बौद्धदर्शनसंग सम्वन्धित छन । अन्य पक्षहरु पश्चिमेली दर्शनसँग सम्बन्धित रहेका छन् ।

विभिन्न आयोगहरू र योजनाहरुमा (२०२८ सालदेखि २०७५) निर्धारित सम्मका राष्ट्रिय शिक्षाका उद्देश्यहरूमा शान्तिशिक्षाका पक्षहरूको खोजी गर्दा निम्न शान्तिशिक्षा पक्षहरू रहेको पाइयो

**तालिका २**

*रा.शि.प.योजना २०२८ का राष्ट्रिय उद्देश्यहरुमा शान्तिसँग सम्बन्धित पक्षहरु*

| आयोग/योजना | उद्देश्य सङ्ख्या | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| रा.शि.प.यो. २०२८ | ४ | राष्ट्रिय एकता, स्वतन्त्रता, अधिकार कर्तव्यप्रति सजग, नैतिक, चरित्र, स्वावलम्बी, सिर्जनात्मक, असल भावना, विचारको कदर, विश्ववन्धुत्वको भावना |

**स्रोत रा.शि.प थो.२०२८**

राष्ट्रिय शिक्षा पद्धतीको योजन २०२८ मा राखिएका शिक्षाका राष्ट्रिय उद्देश्यहरुमा शान्तिशिक्षाका पक्षहरु विश्लेषण गर्दा उल्लेखित पक्षहरु रहेको पाइयो जसमा नैतिक चरित्र रअसल भावाना बौद्ध दर्शनको पञ्चशिलका पक्षसंग सम्वन्धित छन् ।

**तलिका ३**

*राष्ट्रिय शिक्षा आयोग २०४९ को शिक्षाका राष्ट्रिय उद्देश्यहरुमा शान्तिसँग सम्बन्धित पक्षहरू*

| आयोग | उद्देश्य सङ्ख्या | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| राष्ट्रिय शिक्षा आयोग २०४९ | ७ | मानवीय मूल्यको संरक्षण, सामाजिक मान्यता र आस्थाको संरक्षण सामाजिक, सहयोग, समाजिकरण, एकता, मुल धारमा समाहित गर्नु |

स्रोत : रा.शि.यो.२०४९

राष्ट्रिय शिक्षा आयोग २०४९ मा उल्लेखित पक्षहरु शिक्षाका उद्देश्यहरुमा पश्चिमेली शान्तिशिक्षाका अवधारणासंग सम्वन्धित छन ।

**तालिका ४**

*उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति २०५५ को प्रतिवेदनका राष्ट्रिय राष्ट्रिय उद्देश्यहरुमा शान्तिसँग सम्बन्धित पक्षहरू*

| उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति २०५५ | उद्देश्य सङ्ख्या १० | शान्तिसँग सम्बन्धित पक्षहरू राष्ट्रिय ऐक्यवद्धता, आस्था, सार्वभौम मूल्य र मान्यताको संरक्षण नैतिक चरित्र, सद्गुण, सिर्जनात्मक प्रवृत्ति, सद्भाव, प्रजातान्त्रिक, न्यायपूर्ण, शोषण रहित, समुन्नत जीवन दृष्टि, प्राकृतिक सम्पदा र वातावरण संरक्षण, श्रमप्रति निष्ठा, सेवाभाव, र मानवअधिकार |
|---|---|---|

स्रोत : उ.रा.शि .स २०५५

उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति २०५५मा बौद्धदर्शनका शान्तिशिक्षासंग सम्वँन्धित नैतिक चरित्र, सदगुण र सेवाभाव छन ।अन्य पश्चिेमेली शान्तिशिक्षासंग सम्वन्धित छन ।

**तालिका ५**

*राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ को राष्ट्रिय उद्देश्यहरुमा शान्तिसँग सम्बन्धित पक्षहरू*

| आयोग | उद्देश्य सङ्ख्या | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ | ११ | सहयोग, मानवीय मूल्य, संस्कृति, सामाजिक मान्यता, आस्था, सामूहिक जीवन पद्दति, चरित्रवान, नैतिकवान, प्राकृतिक वातावरण, एकता, समानता, न्याय, समावेशी, मैत्री, सद्भाव, सहिष्णुता, आचरण, विश्ववन्धुत्व, द्वन्द्व व्यवस्थापन, लोकतन्त्र, मानवअधिकार, सम्मान र आदर्श । |

स्रोत : रा.प्रा.प्रा २०६३

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३मा बौद्धदर्शनसंग सम्वन्धित पक्षहरु मैत्री, सदभाव,नैतिकता र सहयोग रहेका छन ।अन्य पश्चिेमेली दर्शनका शान्तिशिक्षासंग सम्वन्धित रहेका छन ।

**तालिका ६**

*उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ को राष्ट्रिय उद्देश्यहरुमा शान्तिसँग सम्बन्धित पक्षहरू*

| आयोग | उद्देश्य | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ | ९ | सामाजिक, आत्मिक, समानता, सामाजिक न्याय, आचरण, नागरिक अधिकार, मूल्य मान्यता, कर्तव्य, असल चरित्र , नैतिकता, स्व-अनुशासन, निष्पक्षता, सकारात्मक सोच, सहानुभूति, सदाचारिता, आत्मसंयम, धैर्यता, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्व, समभाव, श्रद्धा र अनुशासन |

स्रोत : उ.रा.शि.आ.२०७५

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५मा बौद्धदर्शनका असल चरित्र, श्रद्धा, सेवाभाव, समभाव, अनुशासन, नैतिकता, सदाचारिता र स्वःअनुशासन रहेका छन । अन्य पश्चिमेली दर्शनसंग सम्विन्धित छन । शिक्षाका राष्ट्रिय उद्देश्यमा शान्तिशिक्षाका विषयवस्तु रहेका छन् ।

**तालिका ७**

*विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यकम प्रारुप २०७६ शिक्षाको राष्ट्रिय उद्देश्यहरुमा शान्तिसँग सम्बन्धित पक्षहरू*

| आयोग | उद्देश्य | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| विद्यालय शिक्षाको राष्ट्रिय शिक्षा प्रारुप २०७६ | १२ | सिामाजिक, समानता, सामाजिक न्याय, आचरण, सकारात्मक सोच, सहानुभूति, समनता ,समावेशिता, मानवअधिकार, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्व, |

विद्याालय शिक्षाको राष्ट्रिय पाठ्यकम२०७६मा शिक्षाका राष्ट्रिय उद्देश्यहर १२ वटा राखिएकोछ ,जसमा शान्तिसंग सम्वन्धित ३ वटा रहेका छन्र ।प्रारम्भिक वालविकास रशिक्षामा ६वटा सक्षमता रहेका छन् र शान्तिसंग सम्वन्धित २ वटा रहेका छन् । आधारभूत शिक्षमा सक्षमता १२ वटा रहेका छन् र शान्तिशिक्षासंग सम्वन्धित २ वटा रहेका छन् ।

प्रस्तुत शान्तिशिक्षासँग सम्बन्धित पक्षहरू दस्तावेज अध्ययन अन्तर्गत आधारभूत तहको पाठ्यक्रममा शान्ति शिक्षाको खोजी गर्दा प्राप्त भएका थिए । बौद्धदर्शनका शान्ति शिक्षासंग सम्विन्धित पक्षहरु श्रद्धा, सहयोग,चरित्र, अनुशासन र सहनशिलता रहेका छन ।

**शान्ति शिक्षाका लागि विद्यालय पाठ्यक्रम**

शान्ति शिक्षा भन्नाले विद्यार्थीहरूमा ज्ञान, सीप, अभिवृद्धि र मूल्यको प्रवर्द्धन गरी शान्तिप्रिय आदर्श नागरिक तयार गर्नु हो । यस शिक्षा आन्तरिक शान्तिको विकास गरी वाह्यशान्तिको विकास गरी शान्तिमय समाज निर्माण गर्नु रहेको हुन्छ । शान्तिशिक्षा अन्तर्गत अहिंसा, सकारात्मक सोच, सहानुभूति, स्वःअनुशासन, श्रद्धा, मूल्य, रचनात्मक सोच, समालोचनात्मकको सोच, द्वन्द्व व्यवस्थापन, निशस्त्रीकरण, स्वतन्त्रता, लोकतन्त्र, समानता र मानवता आदि विद्यार्थीहरूमा विकास गराउनु हो । यसको लागि विद्यालय शिक्षा पाठ्यक्रममा, राष्ट्रिय शिक्षाका उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य र विषयगत उद्देश्य साथै विषयवस्तुहरूमा शान्तिशिक्षा सम्बन्धी पक्षहरूको समावेश गर्नुपर्दछ । शान्तिशिक्षा अन्तर्गत बौद्ध शिक्षा पक्षहरू, संयुक्त राष्ट्र सङ्घ अन्तर्गत यूनेस्कोका शान्ति सम्बन्धी सिद्धान्त एवं मूल्यहरू, शिक्षाविद्हरूका शान्ति सम्बन्धी दृष्टिकोणहरू, साधारण शिक्षाको र परियत्ति शिक्षाको पाठ्यक्रममा समेट्नु पर्दछ ।

नेपाली माटोमा स्थापित शान्तिका दर्शनहरुले नै विश्वमा शान्तिका संदेश दिन्छ । विश्वमा शान्ति देश शान्ति भूमी बन्न सक्छ । शान्तिको देश नै पर्यटन स्थल बन्न सक्छ । यहाँ तराई, पहाड र हिमाल सबै भूभागमा रमणिय त्यस्ता स्थालहरु छन जसलाई शान्तिको सन्देश दिने अर्न्तराष्ट्रिय शान्ति केन्द्रको रुपमा स्थापित गराउन सकिन्छ । शान्तिशिक्षाको विद्यालय शिक्षामा व्यवस्थापन गर्न सके पाठ्यक्रमले अपेक्षा गरेका , राष्ट्रिय शिक्षामा आपेक्षित उद्देश्यहरु, तहगत र कक्षागत उद्देश्यहरु पुरा हुन्छन् । पूर्विय दर्शनका शान्तिका पक्ष र पश्चिमेली दर्शनमा शान्तिका मूल्यलाई समेटेर एकाइसौ शताब्दीका चुनौति सामाना गर्ने विश्व मानवताका भावानाले ओतप्रोत नागरिक उत्पादन गर्न शान्ति शिक्षाको व्यवस्था गर्नु पर्दछ । विशेष गरी समाजमा हुने द्वन्द्व, विद्यालयमा हुने द्वन्द्व र विभिन्न सरोकारवालासँग हुने द्वन्द्वलाई समाधान गर्न शान्तिशिक्षाको नितिगतरुपमा शिक्षाको व्यवस्थापन गर्नुपर्दछ । विद्यालयमा निम्न समस्या समाधान गर्न शान्तिशिक्षाको आवश्यकता रहेको छ ।

- विद्यालयहरुमा हिंसाजन्य गतिविधिलाई हटाउन ।
- विद्यार्थी विद्यार्थी बीच हुने द्वन्द्व हटाउन ।
- विद्यालय प्रशासन र विद्यार्थीहरु वीच सम्बन्ध बलियो बनाउन ।
- शिक्षक र शिक्षकका वीच सम्बन्ध बलियो बनाउन ।
- व्यवस्थापन समिति र शिक्षक वीच सौहाद्रता विकास गर्न ।
- विद्यालयमा शान्तिपूर्व वातावरण सृजना गर्न ।
- विद्यार्थीहरुमा आन्तरिक शान्तिको विकास गर्न ।
- परिवार समुदायमा हुने द्वन्द्व हटाउन ।
- विद्यालय, परिवार र समाजमा मैत्री भावानाको विकास गर्न ।
- शान्तिशिक्षाको व्यवस्थापन गर्न ।

## निष्कर्ष

शान्तिशिक्षा सम्बन्धि स्पष्ट राष्ट्रिय शिक्षाका उद्देश्य र तहगत उद्देश्यहरू रहेका छैनन् । शान्तिसंग सम्बन्धित पक्षहरू सामाजिक अध्ययन, नेपाली, विज्ञान, स्वास्थ्य र शारीरिक, सिर्जनात्मक र नैतिक शिक्षामा रहेका छन् । यी विषयहरूमा सामाजिकता, मानवीय मूल्य, आस्था, सेवाभाव, प्रजातात्रिक, लोकतन्त्र, सद्भाव, सहयोग , चरित्र, नैतिकता, एकता, मैत्री, सहिष्णुता, विश्ववन्धुत्व र मानवअधिकार मुख्य रूपमा रहेको छन् । बौद्ध शिक्षा अन्तर्गत परियत्ति शिक्षामा ध्यान, शील, प्रज्ञा, सेवा, मैत्री, भावाना, समभाव, आर्य आष्टाङ्गिक मार्ग, पञ्चशिल , पुण्य काम, सकारात्मक सोच , कर्तव्यबोध , सफल जीवनका सुत्रहरू शान्त र असल पक्षहरू रहेका छन ।

विद्यालय तहको शिक्षामा, शिक्षाका राष्ट्रिय उद्देश्यहरू र तहगत उद्देश्यहरूमा राखेका शान्तिशिक्षाका पक्षहरूको अपेक्षित विद्यार्थीहरूमा व्यवहार एंव ज्ञान, सीप र धारणा विकास गर्न बौद्धदर्शनका शान्तिशिक्षाको महत्वपूर्ण पक्षहरू विद्यालयको पाठ्यक्रममा समावेश गर्नु पर्दछ । विशेष गरी ध्यान, पञ्चशिलका पक्षहरु र आर्य अष्टाङ्गिक मार्ग र मैत्री, करुणा, मुदिता र उपेक्षालाइ शान्तिशिक्षामा समावेश गराउनु पर्दछ । शान्तिशिक्षामा आस्था, सहिष्णुता, श्रद्धा, प्रेम, रचनात्मक सोच, सकारात्मक सोच, अनुशासन, मानवता, सामाजिक न्याय र वातावरण सचेतनाका विषयवस्तु प्रत्यक्ष स्पष्ट रूपमा पाठ्यक्रममा समावेश गर्नुपर्दछ ।

विद्यालय शिक्षामा शान्तिशिक्षाको व्यवस्था हुनुपर्दछ । शान्तिशिक्षाको अलग्गै विषयको व्यवस्था हुनुपर्दछ । वर्तमान समाजमा अनुशासन, सामाजिकता, सेवा, सहानुभति, मान मर्यादा, श्रद्धा, आर्दश, मित्रता, मैत्री र मानवता पक्षहरुको विकास गराउन विद्यालयमा शान्तिशिक्षाको आवश्यकता र महत्व रहेको छ । विद्यालयमा हुने झैझगडा, द्वन्द्व, असमझदारी, र नकारात्मकता जस्ता पक्षहरु हटाउन, शान्तिमय वातावरण तयार गर्न र शान्तिशिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । विद्यालयमा पाठ्यक्रममा राष्टिय शिक्षामा उद्देश्य, तहगत उद्देश्य र विषयगत उद्देश्यमा शान्तिशिक्षाको व्यवस्थापन हुनु पर्दछ । शान्तिसँग सम्बन्धित विद्यालयमा भौतिक व्यवस्थापन र शैक्षिक एवं सामाजिक व्यवस्थाको नितिगत रुपमा केन्द्रिय, प्रदेश स्तरिय र स्थानिय स्तरमा योजनाहरुमा शान्तिशिक्षाको पक्षहरु सम्बोधन गर्नु पर्दछ । वर्तमान समाजको अपेक्षित विद्यार्थीहरुको व्यवहार, सक्षमता र सिकाइ उपलब्धि प्राप्त गर्न शान्तिशिक्षाको अन्य कार्यक्रमहरु योजनाबद्ध रुपमा लागु गर्नुपर्दछ । शान्तिशिक्षाको स्रोत साधन पूर्विय दर्शन र पश्चिमेली दर्शनका महत्वपूर्ण पक्षहरुलाई विद्यालय शिक्षामा समेटनु पर्दछ । वेदका महत्वपूर्ण शान्तिसँग सम्बन्धित पक्षहरु समेटनु पर्दछ । बौद्ध दर्शनका अन्तर्गत त्रिपिटकका शान्तिसँग सम्बन्धित पक्षहरु समेटनु पर्दछ । विद्यालय शिक्षामा प्रयोगात्मक रुपमा ध्यान र योग पक्षहरु अनिवार्य रुपमा पाठ्यक्रममा व्यवस्था गर्नु पर्दछ ।

**सन्दर्भग्रन्थ**

उपाध्याय, गोविन्द शरण (२०६६) आर्य दर्शन काठमाण्डौं : विद्याथी पुस्तक भण्डार

पाठ्यक्रम विकास केन्द्र ( २०६३ ) राष्ट्रिय पाठ्यक्रम प्रारुप सानोठिमी : शिक्षामन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।
पाठ्यक्रम विकास केन्द्र ( २०७६ ) राष्ट्रिय पाठ्क्रम प्रारुप सानोठिमी : शिक्षामन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।
बज्राचार्य दण्डबहादुर (२०६६) दीर्घ निकाय ललितपुर : वीर पूर्ण पुस्तक संग्रलाय
वेदान्कार, दिलीप (२०१३) शान्तिका शास्वत मार्ग , विजय कुमार गोविन्द राम दासानन्द ।
भट्टराई, तुल्सी (१९९८) चार वेदको परिचय र ईश्वर भक्ति सम्बन्धी वेद मन्त्रहरुको संग्रह, मधुवन प्रकाशन ।
रावल, ललिजन (अनु) (२०६६) गौतम बुद्ध र उनका उपदेशहरु काठमाण्डौं : वी. एन पुस्तक भण्डार ।
शर्मा, गोपिनाथ (२०६८) नेपालको शिक्षाको इतिहास, मकालु प्रकाशन ।
Glogowski K., (2010). *Teacher without Borders*, Peace Education Program.
Hajir B., (2020) .*Peace Education in Formal Schools*, Caroline Books.
Harris I. M., (2004). *Peace Education Theory*, Opinion Papers.
Harris I. M. & Moorison, M.L., (2003). *Peace Education*, 2nd edition London Mc-Farland, 2
Harris, I M., & Morrison, M.L., (2003). *Peace Education*, 2nd Edition, McFarland Publishing
Harris, R., (1992). *Peace Education in Banladesh the role of Peace*.
Melinda, S., (2015). *Nepal: Lessons from Integrating Peace, human rights and civic education into social studies* curricula and textbooks.
Sharma N. P., (2020). *From Inner Peace to World Peace*, Buddhist Meditation in Practice.